**सभा अध्यक्ष महोदय,**

१. विकासको प्रचूर संभावना बोकेको, सामाजिक, साँस्कृतिक, प्राकृतिक विविधताले परिपूर्ण यस चौरजहारी नगरपालिका व्यापारिक र सामरिक दृष्टिले समेत अति महत्वपूर्ण स्थलको रुपमा रहेको छ । लामो संघर्ष र शहिदको बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय तहको रुपमा स्थापना भई विकास र समृद्धिको मार्गमा अघि बढिरहेको चौरजहारी नगरपालिकाको उपप्रमुखको हैसियतले गरिमामय नगर सभामा आ.व.०७६/७७ को अनुमानित आय व्ययको विवरण (बजेट) प्रस्तूत् गरि रहँदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्र हित, स्वतन्त्रता, अग्रगमी परिवर्तन र नागरिक अधिकार प्राप्तीका लागि भएका जनयुद्ध, जनआन्दोलन र संघर्षको क्रममा आफ्नो अमूल्य जीवनको आहुति दिने महान् शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । साथै आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणको लागि अनुकरणीय, आदर्श र प्रेरणादायी भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण आदरणीय अग्रजहरु, जनयुद्ध, जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने संघीय सरकारको दीर्घकालिन उद्देश्य तथा **"शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार"** भन्ने कर्णाली प्रदेशको नारालाई सार्थक पार्न **"आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण, चौरजहारी नगरवासीको पहिचान"** भन्ने मुल नाराका साथ यस नगरपालिकाले समृद्ध, समुन्नत र आत्मनिर्भरताको मार्ग प्रशस्त गर्ने दीर्घकालीन सोंचका साथ अघि बढ्ने संकल्प गर्दछु ।

३. आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण गर्न उपलब्ध मानवीय, भौतिक, प्राकृतिक र वित्तीय स्रोत साधनको उत्पादनशील र सृजनशील परिचालन गर्ने गरी बजेट तयार पारेको छु ।

४. नगरबासीको न्यूनतम आधारभूत आवश्यकता खाना, नाना र छानाको उचित व्यवस्था गर्ने उद्देश्य प्राप्ती तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु । नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौ पञ्च वर्षीय आवधिक योजनाको आधारपत्र, वार्षिक नीति, कार्यक्रम तथा वजेट, कर्णाली प्रदेश सरकारको दीर्घकालीन सोंच-२१००, आवधिक योजनाको अवधारणा पत्र, प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट, मध्यकालीन खर्च संरचना र चौरजहारी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई प्रस्तूत् बजेट निर्माणको मार्गदर्शनको रुपमा लिएको छु ।

५. संघीयता कार्यान्यनको क्रममा स्थानीय तहको रुपमा गठन भएको चौरजहारी नगरपालिका स्थापनाको शुरुवाती वर्ष संक्रमणकालीन अवस्थाबाट गुज्रिदै विभिन्न प्रकारका चुनौतीहरुको सामना गर्नु परेको यथार्थता सम्मानित सभा समक्ष राख्न चाहन्छु । स्थानीय जनताको निकटतम सरकार भएकोले उनीहरुको स्थानीय सरकारप्रतिको उच्च आकांक्षा र अपेक्षाको सम्बोधन गर्ने जिम्मेवारी नगरपालिका सामू छ । विभिन्न किसिमका कानूनी, भौतिक, आर्थिक र जनशक्ति लगायतका पूर्वाधारको कमीका बावजूद पनि नगरपालिकाले आफनो क्षमताले भ्याए सम्म जनताले खोजेको सेवा प्रदान गर्न र अपेक्षित विकासको काम सम्पन्न गर्न विभिन्न आधारभूत संरचना निर्माण गरी अहोरात्र खट्दै समृद्धिको लागि निरन्तर रुपमा विकास कार्यमा अघि वढिरहेको यथार्थता जगजाहेर नै छ ।

६. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्यलाई पारदर्शी,जवाफदेही,उत्तरदायी र प्रतिफलमुखी बनाउन नगरपालिकाको नीति अनुसार चालू आ.व.देखि श्रमिक सहकारी संस्था गठन गरी सोही मार्फत विकास योजनाका काम कार्यान्वयनमा ल्याइएको छ । वडा नं.१ र ११ बाहेक अन्य बडाहरुमा श्रमिक सहकारी संस्थाहरु स्थापना भई काम गरिरहेको अवस्था अवगत गराउन चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

अब म चालू आ.व.को बजेट तथा कार्यक्रम कार्यन्वयनको परिदृश्य प्रस्तूत् गर्न अनुमति चाहन्छु ।

**क. सडक र पुलनिर्माण :**

यस नगरपालिका भित्रका सवै वडाहरुमा सडक संजाल जोडिनुका साथै रिङ्गरोडको काम समेत तिव्र गतिले अगाडी बढी रहेको छ । त्यसै गरी

- वडा नं २ को विष्ट आला - खडका टोल - पधेरी धारा जोडने सडक,
- वडा नं ३ को विद्युत पोखरी - भुईनाउरे डम्पिङ साईड सडक,
- वडा नं ४ को ज्युला देखि अम्लाटाकुरा सम्म जोडने सडक,
- वडा नं ७ को मेलै नाउलि देखि ४ को तिलकेझार - स्कुल सम्म जोडने सडक,
- वडा नं ९ को गुर्तालगाँउ - ढुङ्गेखानि - ओखरवारी सडक,
- वडा नं १२ को स्वारा स्यानाखोला - जुम्लीपोखरी - सानाखोला - पतेरी सडक
- वडा नं १२ वडा नं १४ को नाउलि पेदा भदाले खोला - साक्चा सिलिङ्गे सडक
- वडा नं १४ को नाउलि - दार्माकोट सडक,
- वडा नं ८ को डाप्के - मैनेरी सडक
- वडा नं ११ को चौफा - अमलाटाकुरा - नेप्टेकाडा - भालुखोर सडक,
- वडा नं १२ को चन्द्र बजार - राता पोखरा सडक निमार्ण
- वडा नं ११ को खिरखिरे - चैतेखोला सडक
- वडा नं ८ को खैरेनि - डोप्के - गोइरी - सोति सडक

लगाएतका सडक तथा पुल निमार्ण कार्यसम्पन्न भई सकेका छन् ।

**ख. खानेपानी** :

- नगरपालिका भित्र उच्च पहाडी भूभाग जहाँ पानीको समस्या अत्यन्तै थियो सोही ठाँउ वडा नं ३, ९, ११, १२, १३ र १४ मा १४ वटा लिफ्ट सिस्टम खानेपानी योजना निर्माण भई खानेपानीको समस्या समाधान भएको छ । अन्य २, ३, ४, ५, ६, ८, १०, ११, १२, १३, १४ वडाहरुमा २६ वटा स-साना बिभिन्न योजना मार्फत खानेपानि समस्या हल गरिएको छ ।

**ग. सिचाई :**

- यस नगरपालिकाका भित्रको बाँझो जमिन अर्ध सिचाई हुने जमिन वडा नं ४, ७, १०, ११, १२, १३, मा विभिन्न ११ ठुला र ७ वटा साना सिचाई योजना सम्पन्न भई सिचाईमा सहजता र उत्पादन मा बृद्धि भएको छ ।

**घ. शिक्षा** :

- शैक्षिक जनशक्ति हल गर्न नगरपालिका भित्रका ४१ वटा सामुदायिक विद्यालय र ४१ वटा ECD का लागि १४८ नगर शिक्षकको व्यवस्था गरिएको छ ।
- विद्यालयलाई प्रविधि मैत्री बनाउन शैक्षिक परामर्श सेवा मार्फत कार्यक्रम अगाडि बढाएको छ ।
- सवै विद्यालयमा कम्प्युटर, प्रोजेक्टर र ट्याबलेट लगाएतका सामाग्रीको व्यवस्था गरिएको छ ।
- कक्षा ५ सम्मका ५ (पाँच) हजार विद्यार्थीलाई ड्रेस तथा स्टेशनरी सामानको व्यवस्था गरिएको छ ।
- जिर्ण अवस्थामा रहेका १३ वटा विद्यालय भवन २ वटा ट्वाईलेट र ३ वटा खेल मैदानको निर्माण गरिएको छ ।

**ङ. स्वास्थ्य** :

- जनतालाई सर्भसुलभ स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरभित्र २ वटा एम्बुलेन्स सञ्चालनमा ल्याईएको छ । स्वास्थ्य बिमा मार्फत निशुल्क उपचार, बिभिन्न स्थानमा स्वास्थ्य घुम्ति शिबिर, पूर्णखोप तथा दिगोपना नगरपालिका घोषणा कार्यक्रम गर्नुका साथै प्रत्येक वडामा स्वास्थ्य केन्द्र स्थापना तथा स्वास्थ्य ल्याब भवन निमार्ण गरिएको छ ।

बौराहा नगरपालिका

**च. कृषि :**

- यस नगरपालिकाको वडा नम्वर ६ र ९ मा  कृषिको पकेट क्षेत्र घोषणा गरि अलैची खेती, वडा नं ११ मा रहेको जहारीखोला नमुना कृषि सहकारी संस्थामा फलफुल नर्सरी स्थापना त्यस्तै वडा नं ४ र ५ मा सामुहिक भैसी पालन वडा नं. ४, ६, १० र १३ मा सामुहिक बाख्रापालन व्यवसायको सुरुवात भएको छ । वडा नं १३ मा घासको श्रोत केन्द्र स्थापना र  ११ नं वडामा सामुहिक कुखुरा पालन जस्ता कार्य सञ्चालनमा आएका छन् । नगरपालिका भित्र वडा नं. ६, १२, १०, १३ र १४ मा किवी खेतिको सुरुवात गरिएको छ । युवा लक्षित कार्यक्रम अन्तर्गत ३७ जनाले व्यवसायिक रुपमा तरकारी, च्याउ खेतिका योजना सम्पन्न गरिएको छ । नस्ल सुधारको लागि कृतिम गर्भाधान  र उन्नत जातका बोयर बोका बितरण गरिएको छ । साथै पशुविमा कार्यक्रमको सुरुवात भएको छ ।

**छ. विद्युत संरचना निर्माण :**

- यस नगरपालिकामा केन्द्रिय विद्युतको हाइटेन्सन लाईन जडान कार्य अन्तिम चरणमा रहेको छ भने नगरको वडा ६, ७, ८, ९, वडामा लापुरखोला लघु जलविद्युत आयोजनाबाट विद्युत वितरण कार्य सञ्चालनमा छ ।

**ज. संचार :**

- यस नगरपालिकाका प्रत्येक वडा कार्यालय, शाखा कार्यालय तथा माध्यामिक विद्यालयहरुमा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ । सञ्चार सेवाबाट बन्चित वडा लाई लक्षित गरि वडा नं ११ मा नेपाल टेलिकमको टावर निमार्ण कार्यको थालनि गरिएको  छ ।

**झ. तटवन्धन** :

- यस नगरपालिका भित्र पर्ने खोलाहरुबाट हुन सक्ने जलप्रकोप लाई नियन्त्रण गर्नको लागी तारजाली खरिद गरि तटबन्धन कार्य सम्पन्न भएको छ ।

**ञ. पर्यटन :**

- यस नगरपालिका भित्र रहेका विभिन्न धार्मिक एवंम पर्यटन क्षेत्र र पुरातात्विक सम्पदाको संरक्षण एवंम सम्वर्द्धन पदमार्ग निर्माण, दयालेख गुफा संरक्षण र भेरी नदिको रानी सागरमा मलामी प्रतिक्षालय निर्माण कार्य सम्पन्न भएको छ ।

गुर्जुनगरपालिका

**ट. सांगठनिक संरचना तथा जनशक्ति व्यवस्थापन :**

- यस नगरपालिकामा कुनै सेवाग्राहीलाई कुनै प्रकारको समस्या नहुनदिन करार जनशक्ति नियुक्त गरी कार्य सञ्चालन भई रहेको छ ।

**ठ. लक्षित वर्ग :**

- यस नगरपालिकामा अपाङ्गहरुको पहिचान गरी अपाङ्ग परिचय पत्र वितरण, जेष्ठ नागरिक परिचय पत्र वितरण, जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण कार्य सम्पन्न भएको छ । साथै महिला दलित अन्य जनजातीको लागि विविध सीप मुलक तालिम प्रदान गरिएको छ । यस वर्ष चौरजहारी नगरपालिकालाई छुवाछुत मुक्त नगर घोषना गरिएको छ ।

**ड. राजस्व :**

- यस नगरपालिकाले अहिले सम्म आन्तरिक श्रोतबाट विभिन्न शिर्षकमा रु ५३ लाख राजस्व संकलन भएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य प्रस्तूत् गर्न चाहन्छु ।

- गुणस्तरीय र व्यवहारिक आधारभूत शिक्षा मार्फत दक्ष,आदर्श र सीपयुक्त जनशक्ति निर्माणको आधार तय गर्ने ।
- शिक्षा, स्वास्थ्य लगायतका सामाजिक विकासका कार्यक्रम सञ्चालन गरी चौरजहारी नगरबासीको जीवनस्तरमा सुधार ल्याउने ।
- कृषि क्षेत्रलाई आधुनिकीरण, व्यवसायीकरण, विविधीकरण र बजारीकरण गर्दै उत्पादन वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने ।
- सार्वजनिक स्रोत साधनको समन्यायिक वितरण मार्फत विपन्न वर्ग,क्षेत्र,जाति,लिङ्ग,भाषा धर्म अल्प संख्यक लगायतका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक रुपान्तरणलाई गति दिने ।
- नियमित सेवा प्रवाहमा सुधार,आर्थिक सुशासन चुस्त र भ्रष्टाचारमुक्त प्रशासन,दण्डहिनताको न्यूनीकरण गर्दै सुशासन उन्मुख नगर बनाउने ।

**सभा अध्यक्ष महोदय,**

प्रस्तूत् उद्देश्य प्राप्तीका लागि देहाय बमोजिम बजेटका प्राथमिकता तय गरेको छु ।

- चौरजहारी नगरको दिगो विकास, समृद्धि र समुन्नतीको लागि सबैलाई गुणस्तरीय, व्यवहारिक तथा प्राविधिक आधारभूत शिक्षामा पहुँचको सुनिश्चता पहिलो प्राथमिकता ।
- सबैलाई आधारभूत स्वास्थ सेवा उपलब्ध गराई स्वस्थ जीवनयुक्त नगरपालिका कायम गर्ने ।
- व्यवसायिक कृषि उत्पादनको माध्यमद्धारा आत्मनिर्भरता अभिवृद्धि गरी नगरबासीको जीवनस्तरमा सुधार ।
- आर्थिक वृद्वि र नगरको समृद्धिमा योगदान पूर्‍याउने भौतिक पूर्वाधार क्षेत्रको विकास ।
- नगरको समग्र दीगो विकास र समृद्विको लागि अत्यावश्यक मानव संसाधनको विकास ।
- स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन मार्फत सुशासनको प्रत्याभूति ।

**सभाका अध्यक्ष महोदय,**

उपरोक्त प्राथमिकतालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रस्तूत् उद्देश्य प्राप्त गर्न सबै प्रकारका विधि र प्रक्रियाहरु अवलम्बन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**<u>शिक्षा तथा खेलकूद तर्फ</u>**

- आधारभूत तहसम्म सबै बालबालिकालई निःशुल्क शिक्षा प्रदान गर्ने राष्ट्रिय नीतिलाई कार्यान्वयन गरी सबै नगरबासी बालवालिकाका लागि निःशुल्क आधारभूत शिक्षा प्रदान गर्ने नीतिलाई निरन्तरता दिन आवश्यक रकमको व्यवस्था गरेको छु ।
- नगरका कतिपय सामुदायिक विद्यालयका भवन लगायतका भौतिक संरचना जिर्ण अवस्थाका कारण पठन पाठनमा बाधा परेकोले विद्यालय भवन निर्माणको लागि रु. ६० लाख छुट्टयाएको छु ।
- सामुदायिक विद्यालय प्रति बालबालिकालाई आकर्षित गरी सरकारी लगानीलाई सदुपयोग गरी प्रतिफलमूखी बनाउन कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकालाई निःशुल्क पोशाक र स्टेशनरी वितरणको लागि रु.१ करोड व्यवस्था गरेको छु ।
- वर्तमान समय सूचना प्रविधिको युग हो जसको ज्ञान विना मानिस शैक्षिक निरक्षर हुन जान्छ । यसै पक्षलाई मध्येनजर गर्दै प्रत्येक विद्यालय सूचना प्रविधि मैत्री अध्ययन अध्यापन कार्यलाई

अघि बढाउन डिजिटल स्कूल कार्यक्रम अन्तर्गत विद्यालयमा सफ्टवेयर खरिद गनु पर्ने र त्यसका लागि सबै स्थानमा विद्युत आपूर्ति हुन नसक्ने अवस्थामा सोलारको व्यवस्था गर्नु पर्ने हुनाले सोलार व्यवस्थाको लागि रु.३० लाख र सफ्टवेयर खरिदमा ५७ लाख छुट्टयाएको छु ।

- कतिपय विद्यालयहरुमा स्वच्छ खानेपानी र शौचालयको उचित व्यवस्था नहुदा विद्यार्थीहरुको पठन पाठनमा कठिनाइ उत्पन्न भएकोले खानेपानी शौचालयको व्यवस्थाका लागि रु. ५० लाख विनियोजन गरेको छु ।
- "स्वस्थ्य र मनोरञ्जनका लागि खेल, यसबाट हुन्छ सबैको मेल" भन्ने अवधारणा अनुरुप खेलकूदप्रति सबैलाई आकर्षित गर्न,खेल क्षेत्रको विकास तथा प्रवर्द्धन मार्फत प्रतिभावान खेलाडी तयारी गरी राष्ट्रिय स्तरमै नगरको पहिचान बढाउन खेलकुद तथा युवा कार्यक्रमको लागि रु.२४ लाख व्यवस्था गरेको छु ।
- शिक्षा क्षेत्रको विकासको लागि गर्नुपर्ने अन्य विविध कार्यक्रमका लागि रु.३० लाख व्यवस्था गरेको छु ।

**स्वास्थ्य तथा सरसफाई तर्फ**

- अस्वस्थ मानिसले केही गर्न सक्दैन जसले गर्दा समग्र नगरको विकास र समृद्धिको यात्रा ओझेलमा परी नगरपालिका आफ्नो लक्ष्य प्राप्त गर्नमा पछाडि पर्दछ । यसै पक्षलाई मनन् गर्दै नगरपालिकाले स्वास्थ्य र सरसफाइ लाई दोस्रो प्राथमिकतामा राखी कार्यक्रम अघि बढाएको छ ।
- स्वास्थ्य व्यवस्थापन सम्बन्धि सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाई स्वास्थ्य संस्थाहरुमा आवश्यक मेशिनरी औजार आपूर्तिको लागि रु. ६ लाख ५० हजार व्यवस्था गरेको छु ।
- नगरपालिकाको स्वास्थ्य शाखामा विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली लागू गर्न आवश्यक तालिमको लागि रु.२० हजार व्यवस्था गरेको छु ।
- शतप्रतिशत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने वडा घोषणा गर्ने कार्यक्रमको लागि रु.५० हजार व्यवस्था गरेको छु ।
- स्वास्थ्य सेवाबाट कुनै पनि नगरबासी बञ्चित हुन नपरोस भन्ने उद्देश्यले नागरिकको पहुँचमा स्वास्थ्य सेवा पुर्‍याउन, स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लगायतका

कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवालाई नागरिक मैत्री बनाउन आवश्यक रकमको व्यवस्था गरेको छु ।

- आगामी आर्थिक वर्षभित्रै वडा नं. १० मा निर्माणाधीन नगर अस्तालललाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । अस्पत्ताल सञ्चालनका लागि तत्काल आवश्यक पर्ने मेशिनरी औजार,औषधी लगायतको व्यवस्थाका लागि रु. १५ लाख छुट्टयाएको छु ।
- सुरक्षित रुपमा प्रस्तूती गराउन आवश्यक विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- अकस्मात् घट्ने महामारी लगायतका घट्नाबाट उत्पन्न स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

**<u>कृषि तथा पशु तर्फ</u>**

- “आर्थिक समृद्धिको आधार कृषि” मूल नाराका साथ कृषि र उत्पादनलाई तेस्रो प्राथमिकतामा राखिएको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण र बजारीकरण गरी कृषि पेशालाई मर्यादित, सम्मानित र कृषि पेशालाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तरमा ल्याइ विकास र समृद्धिको मार्ग प्रशस्त गर्न आवश्यक व्यवस्था गरेको छु ।
- कृषिजन्य उद्योग, आवश्यक सिंचाइको व्यवस्था लगायतका कृषि उत्पादन सँग सम्बन्धित पूर्वाधार निर्माणका लागि रु.१५ लाख व्यवस्था गरेको छु ।
- कृषिमा तरकारी खाद्य एवम मसला वाली वीउको गुणस्तर कायम गर्न टिस्यू कल्चर स्थापना गरिने छ । यसका लागि रु २ करोड २५ लाख रकम विनियोजन गरेको छु ।
- कृषिको अति संभावना बोकेको यस नगरमा कृषि तालिम भवनको आवश्यकता भएकोले यस तर्फ रु १ करोड रकम विनियोजन गरेको छु ।
- पशुजन्य उत्पादनलाई प्रवर्द्धन र सम्वर्द्धन गर्दै पशु पालन व्यवसायलाई व्यवस्थित गरी थप व्यवस्थित गर्ने ध्येयका साथ आवश्यक रकमको व्यवस्था गरेको छु ।
- विपन्न वर्गको लागि कृषि सहकारीमा शेयर पुंजी लगानी गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**लक्षित वर्ग तर्फ**

- शोषण, विभिन्न प्रकारका हिंसा लगायतका महिलाहरुको उत्थान,जनचेतनामूलक कार्यक्रम, गरिब असहाय, पछाडि परेका र पारिएका महिलाहरुलाई उद्यमशील बनाउन आवश्यक तालिम लगायतका कार्यक्रम सञ्चालन गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउन रकमको व्यवस्था गरेको छु ।
- बालबालिका कसैका भार होइनन् विकास र समृद्धिका बलिया अधार हुन, उनीहरुको अधिकारलाई प्रत्याभूत गनुपर्छ भन्ने मर्मलाई आत्मसात् गर्दै बालबालिकाको संरक्षण र विकासको लागि विभिन्न कार्यक्रम तय गरी रकमको व्यवस्था गरेको छ ।
- ज्येष्ठ नागरिक समाजका बोझ नभै ज्ञान र अनुभवका खोज हुन, उनीहरुको अनुभवलाई नगरको विकास र समृद्विको अभियानमा लगाउदा फलदायी हुन्छ । ज्येष्ठ नागरिक सम्मान लगायतका उनीहरुको ज्ञान र अनुभवलाई नगरको समून्नतीमा उपयोग गर्ने कार्यक्रम तय गरी आवश्यक रकमको व्यवस्था गरेको छु ।
- अगांगता भएका व्यक्तिहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्वन गर्ने कार्यक्रमलाई निरन्तरता दिई रु. १ लाख ५० हजार व्यवस्था गरेको छु ।
- दलित,जनजाति वर्गको शसक्तिकरणको लागि रु ३० लाख छुट्याएको छु ।

**संस्कृति तथा पर्यटन तर्फ**

- चौरजहारी नगरपालिका पर्यटकीय दृष्टिले समेत सम्भावना बोकेको क्षेत्र हो । यहाँका प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक एवं ऐतिहासिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न रु.२५ लाख छुट्टयाएको छु ।

**विविध**

- नगरपालिकाबाट प्रवाह गरिने सबै सेवालाई एकै थलोबाट सहज, सुलभ र सरल रुपमा प्रदान गर्न भवन लगायतका आवश्यक संरचना निर्माण कार्य अघि बढाउन जग्गा खरिदको लागि रु. १ करोड छुट्टइाएको छु ।
- वर्षायाममा बिग्रेका सडक मर्मतका लागि रु ४० लाख छुट्याएको छु ।
- नगरपालिकालाई आवश्यक पर्ने सवारी साधन खरिद गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

- नगरपालिकाभित्र सडक,सिंचाइ,खानेपानी लगायतका भौतिक पूर्वाधार निर्माणका लागि संघीय र प्रदेश सकार सँग समपूरक र विशेष अनुदान माग गर्न योजनाको पूर्व संभाव्यता अध्ययन,संभाव्यता अध्ययन,विस्तृत परियोजना प्रतिवेदन(डि.पी.आर.), प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदन (IEE Report), ड्रइङ्ग डिजाइन, लागत अनुमान लगायतका कागजात तयार गर्नका लागि पूँजिगत अनुसन्धान तथा परामर्श सेवा शिर्षकमा रु.१ करोड छुट्याएको छु ।
- तीन खम्बे अर्थतन्त्र को एक सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी नगरको आर्थिक विकासमा सहयोग पुर्याउने सहकारी प्रवर्द्धन गर्न रु. १ करोड व्यवस्था गरेको छु ।
- उर्जाशील युवाहरुको क्षमतालाई उद्यमशीलता मा रुपान्तर गरी नगरको विकासमा लगाउन युवा उद्यमी कार्यक्रम सञ्चालनका लागि रु. २५ लाख व्यवस्था गरेको छु ।
- सूचना मैत्री सेवा प्रवाहको लागि आवश्यक सफ्टवेयर लगायतका सामग्री खरिद गर्न रु.५७ लाख व्यवस्था गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको राजस्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तूत् गर्ने अनुमती चाहन्छु ।

आम करदाता,लगानीकर्ता र नागरिकहरुको हितमा परिलक्षित आदर्श कर प्रणालीलाई अवलम्बन गर्ने गरी आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमका देहाय बमोजिम उद्देश्यहरु तय गरेको छु ।

- नगरभित्रका सबै आर्थिक गतिविधिलाई करको दायरामा ल्याई करारधार फराकिलो बनाउने ।
- आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी तथा करदाता मैत्री बनाई उत्पादनमूलक र उद्यमशील व्यवसायको प्रवर्द्धनमा सहयोग पुर्याउने ।
- करको दर र संरचनालाई समयानुकूल सुधार गर्दै कर प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउदै लैजाने ।
- कर कानूनको  कडाइका साथ कार्यन्वयन गरी चुहावट नियन्त्रण गर्ने ।

- गैरकर राजस्वको दायरा विस्तार गरी राजस्व वृद्धिमा जोड दिने ।
- राजस्व असूली तथा संकलन सम्बन्धि कार्यलाई थप प्रभावकारी र करदाता मैत्री बनाउने ।
- राजस्व प्रशासनलाई चुस्त,दुरुस्त र लागत प्रभावी बनाइने छ  त्यसका लागि आवश्यक संरचना तयार गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- आगामी आर्थिक वर्षमा यस नगरपालिकामा लगाइने कर तथा शुल्कहरुको विवरण आर्थिक विधेयक २०७६ को अनुसूचीमा उल्लेख गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म प्रस्तूत् नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट विनियोजन र श्रोत अनुमान प्रस्तूत् गर्न चाहन्छु ।

- आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु. ४६६३२२०००।- विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालू तर्फ ३०५६३०७१५, पूँजिगत तर्फ १६०६९१२८५, रकम विनियोजन गरेको छु ।  आगामी आर्थिक वर्षको लागि अनुमान् गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक राजस्व बाट २००००००, अन्य राजस्व २००००००। संघीय सरकारबाट राजस्व बाँडफाट वापत प्राप्त ८०३००००० वित्तीय समानीकरण अनुदान वापत प्राप्त १०४६००००० सशर्त अनुदानबाट प्राप्त हुन आएको १४७९००००० प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुन आएको १०३३६००० राजस्व बाँडफाट वापत प्राप्त ६८६००० समपुरक अनुदान प्रदेश सरकारबाट प्राप्त रु ३२५००००० चालू आर्थिक वर्ष ०७५/७६ को खर्च हुन बाँकी रहन जाने अनुमानित रकम रु. ५०००००० अनुमान गरिएको छ ।
- आर्थिक वर्ष ७४/७५ को यथार्थ खर्च, आर्थिक वर्ष ०७५/७६ को संशोधित अनुमान र आगामी आर्थिक वर्ष ०७६।७७ को अनुमानित विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।
- मैले प्रस्तूत् गरेको बजेटको प्रतिफलमुखी कार्यान्वयन भई श्रोत साधनको उच्चतम सदुपयोग समन्यायिक र समतामूलक वितरण भई सम्पूर्ण नगरबासीको जीवनस्तरमा सुधार आई दीगो आर्थिक विकास मार्फत समृद्विको बलियो आधार तय हुने अपेक्षा लिएको छु । बजेटबाट समग्र

सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि भई वित्तीय अनुशासन र सुशासन प्रवर्द्धन र लोकतन्त्रको सवलीकरणमा सहयोग पुग्ने विश्वास लिएको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म चौरजहारी नगरपालिका भित्र कार्यरत अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुको आ. व. २०७५/०७६ मा भएका उल्लेखनिय उपलब्धीहरु र आ.व.२०७६/०७७ मा तर्जुमा गरेका कार्यक्रमहरु विवरण प्रस्तुत गर्न चाहान्छु ।

**नयाँ शहर आयोजना कार्यालय चौरजहारी, रुकुम पश्चिम**

आ.व २०७५/०७६ को असार सम्म नयाँ शहर आयोजना चौरजहारी रुकुम (पश्चिम) ले कुल २० वटा आयोजनाहरु मध्ये रिंग रोड, सार्वजनिक सडक निर्माण, नयाँ शहर आयोजनाको भवन निर्माण, चौरजहारी बस पार्क निर्माण र चौरजहारी नयाँ शहरका मुख्य सडकहरुमा सौर्य वत्ति लगाएतका कार्य सम्पन्न भई सकेको छ भने आव २०७६/०७७ मा जम्मा ४ वटा आयोजना निर्माणको जम्मा रु २४ करोड लागत अनुमान रहेको छ ।

**रुकुमेली समाज विकास केन्द्र :**

रुकुमेली समाज विकास केन्द्रको (सुआहारा) र सक्षमताका लागि आ. व. ०७६।०७७ का लागि खाद्य सुरक्षा तथा वातावरण संरक्षण परियोजना, सवैका लागि दिगो सरसफाई तथा स्वच्छता कार्यक्रम, सुआहारा कार्यक्रम, एकीकृत परियोजना, कृषि स्वास्थ्य तथा बैकल्पिक जिविकोपार्जन पवर्द्धन कार्यक्रम , स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम र विपन्न समुदाय क्रियाकलापका लागि रु १६ लाख ४९ हजार बराबरको कार्यक्रम संचालन गर्ने तय गरेको छ ।

**स्वास्थ्यका लागि सक्षम प्रणाली :**

स्वास्थ्यका लागि सक्षम प्रणालीले आ.व. ०७६/०७७ मा स्वास्थ्य सम्बन्धी विविध कार्य सञ्चालन गर्न रु ८ लाख बराबरको कार्यक्रम तय गरेको छ ।

**चौरजहारी अस्पतालको आ.व.२०७६/०७७ को योजना :**

चौरजहारी अस्पतालले आ.व. ०७६/०७७ को लागी आपतकालिन सेवा, बाल स्वास्थ्य तथा पोषण, परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व, क्षेयरोग नियन्त्रण, कुष्ठरोग निवारण, यौन रोग तथा एच.आइ.भि र एड्स नियन्त्रण, औलो, कालाजार निवारण, सर्ने तथा नसर्ने रोगको रोकथाम तथा उपचार, प्रयोगशाला सेवा, मुख स्वास्थ्य, मनोसामाजिक तथा मानसिक स्वास्थ्य, वातावरणिय स्वास्थ्य प्रबर्द्धन,

विद्यालय स्वास्थ्य कार्यक्रम, स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार, जनस्वास्थ्य/सामुदायिक स्वास्थ्य कार्यक्रमहरु, भौतिक पूर्वाधार विकास तथा सुधार, औषधि, औजार तथा उपकरण व्यवस्था, चौरजहारी नगरपालिकाबाट आमा सुरक्षा कार्यक्रमको सोधभर्ना गरि जम्मा **चौध करोड चौतिस लाख चौविस हजार सात सय बाउन्न** बराबरको कार्यक्रम तय गरको छ ।

**गोर्खा वेल्फेयर ट्रष्टको आ.व.२०७६/०७७ को योजना :**

गोर्खा वेल्फेयर ट्रष्ट नेपालको ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम पोखराले यस चौरजहारी नगरपालिकामा मानाकोट, बयाखोला, घर्तिगाडा, शान्ती बजार, लहरे सिमल, बर्माथान खुटिडाँडा गाउँमा गत वर्ष देखी खानेपानी आयोजना निर्माण गर्दै आएको र यस आवमा पनी जम्मा रु ३ करोड २९ लाख लागतको कार्यक्रम तय गरेको छ ।

**रेडियो चौरजहारी तथा रेडियो आफ्नो एफ.एम. को आ.व.२०७६/०७७ को योजना :**

रेडियो चौरजहारीले यस आ. व. २०७६/०७७ मा नगर गतिविधि साप्ताहिक रेडियो कार्यक्रम तथा सूचना, शुभकामना विज्ञापन कार्यक्रम प्रसारण गर्न ८ लाख २६ लाख खर्च कार्यक्रम तय गरेको छ भने रेडियो आफ्नो एफ.एम.ले सोलार खरिद, साउण्ड प्रुप स्टुडियो निर्माण तथा जीगनल प्रसारण कार्यक्रमको लागि ७ लाख १० हजार बराबरको योजना तय गरेको छ ।

**सभा अध्यक्ष महोदय,**

अन्त्यमा बजेट तयारीका क्रममा आवश्यक निर्देशन दिनु हुने आदरणीय नगरप्रमुख ज्यु, जिल्ला समन्वय प्रमुख ज्यू, पार्टीका नेता ज्यू हरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । बजेटका उद्वेश्य तथा प्राथमिकता र नीतिहरुको सम्बन्धमा व्यापक छलफल गरी नगर सभाका सदस्यहरुले दिनुभएको रचनात्मक सुझावहरुको लागि धन्यवाद व्यक्त गर्दछु । साथै बजेट तयारीकै दौरानमा महत्वपूर्ण सहयोग तथा सुझाव दिनु हुने संघीय सरकारका मन्त्रालय, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति रुकुम पश्चिम, कर्मचारी, वुद्धिजिवी, नागरिक समाज, सञ्चारकर्मी, राजनीतिक दल, प्रवुद्व वर्ग, उद्योगी, व्यापारी, विज्ञ समूह, नीजि क्षेत्र, गैरसरकारी क्षेत्र, सुरक्षा निकाय लगायत सम्पूर्ण चौरजहारी नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

# धन्यवाद